# संचिप्त परिचय

यस शे फोक्सुण्डो गाउँपालिकाको स्थापना वि.स २०७३ सालमा भएको हो । यस गाउँपालिकाको केन्द्र साल्दाङ ,डोल्पामा रहेको छ । यसको क्षेत्रफल १२३.७ वर्ग कि.मि मा फैलिएको छ । यहाँ जम्मा ९ वडा रहेका छन । जस मध्य वडा नं. १,२, ३, र ४ को संयृत्त वडा कार्यालय साल्दाङ र वडा नं. ५,६,र ७ को संयृत्त वडा कार्यालय भिजेर र वडा नं. ८ र ९ को संयृत्त वडा कार्यालय फोक्सुण्डो  रहेको छ । यस गाउँपालिकाको जम्मा जनसङ्ख्य ३०९९ जसमध्ये महिलाको संख्या १५८७ र पूरुषको संख्या १५१२ रहेका छन् । ऐतिहासिक तथा धार्मिक स्थलहरु शे फोक्सुण्डो ताल शे गुम्बा आदि ।

मुख्य भेषभुषा र हिमालीयहरु रहेका छन् । यस क्षेत्रका प्रमुख जातिहरुमा गुरुङ, रोकाया, बुढा, बैजि, र लामा रहेका छन ।

## भौगोलिक अवस्थिति :

शे फोक्सुण्डो गाउँपालिका २९ डिग्री २० मिनेट ० सेकेण्ड देखि २९ डिग्री ५१ मिनट ० सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ८९ मिनेट ० सेकेण्ड देखि ८३ डिग्री ०९ मिनेट ० सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । समुन्द्री सतहदेखि करिव २३०० देखि ७४२५ मिटर उचाइमा अवस्थित रहेका छन् ।

| वडा नम्बर | समावेश साविक गाविस तथा वडाहरु |
|---|---|
| १ | साल्दाङ  ( वडा नं. १, २ र ९ ) |
| २ | साल्दाङ  ( वडा नं. ३ र ४ ) |
| ३ | साल्दाङ  ( वडा नं. ५ र ६ ) |
| ४ | साल्दाङ  ( वडा नं. ७ र ८ ) |
| ५ | भिजेर ( वडा नं. १  देखि ७ ) |
| ६ | भिजेर ( वडा नं. ८ ) |
| ७ | भिजेर ( वडा नं. ९ ) |
| ८ | फोक्सुण्डो ( वडा नं. १ देखि ५ ) |
| ९ | फोक्सुण्डो ( वडा नं. ६ देखि ९ ) |

## ऐतिहासिक चिनारी तथा नामाकरण

सािवकका साल्दाङ, भिजेर र फोक्सुण्डो गाविस मिलेर गठन भएको हालको शे फोक्सुण्डो गाउँपालिकाको नामाकरण ऐतिहासिक, धार्मिक स्थल शे गुम्बा र साविक फोक्सुण्डो गा.वि.स. रिग्मो गाउँ स्थित पर्यटकीय स्थल शे फोक्सुडो तालको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो ।